प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
मुकाम,बुटवल रुपन्देही नेपाल

फोन नं. ०७१-५२०४३४
०७१-५२०४३५
०७१-५२०४३६

पत्र संख्या ०७९/८०
च नं

मिति:२०७९/०९/०५

**विषय: सूचना प्रकाशन सम्बन्धमा।**

सूचना नं. ०२ /०७९/०८० प्रथम पटक सूचना प्रकाशन मिति २०७९/ ०९/०५

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,लुम्बिनी प्रदेशको आ. ब. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०७९/ ०९/१९ गते सम्म) यस निर्देशनालय वा मातहतका कार्यालयहरुमा ( भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय) तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक कार्ययोजना, संलग्न गर्नु पर्ने कागजात, **कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०७९** यस कार्यालयको वेवसाईट **dolfdlumbini.gov.np** बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ०७१-५२०४३६ वा सूचना अधिकारीको सम्पर्क नं.९८४७३००८५ मा गर्न सकिन्छ।रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.स. | कार्यक्रम | अधिकतम लक्षित संख्या | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | लक्षित अनुदानग्राही | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | सामाजिक परिचालन का लागि संघ संस्थासँग को सहकार्य | १(एक) | • कृषि विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तीमा ३ वर्ष अनुभव भएको गैर सरकारी वा सामाजिक संस्था मार्फत कृषि विकास कार्यक्रम संचालनमा सहयोग गर्ने।<br>• कृषि उत्पादन, स्वस्थ तथा सन्तुलित उपभोग युवा उद्यमशिलता लगायत सामाजिक विकासका आयामहरु समेटिने गरी कार्यक्रम संचालन गरिने<br>• साझेदारी संस्थाले आवश्यक कर्मचारी व्यवस्थापन गरी खटाउनेछ। | लुम्बिनी प्रदेश भरी | • प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता गैर सरकारी वा सामाजिक संस्था । | ७५ प्रतिशत लागत साझेदारी वा अधिकतम ५ लाख। |
| २ | छुर्पी तथा चिजको लेवलिङ्ग तथा प्याकेजिङ्ग कार्यक्रम | १(एक) | • विगत ३ वर्ष देखि छुर्पी वा चिज उत्पादन गरेको हुनुपर्ने।<br>• वार्षिक न्यूनतम २ मे.टन छुर्पी वा चिज उत्पादन गरेको हुनुपर्ने । | लुम्बिनी प्रदेश भरी | • प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको संस्था । | ७५ प्रतिशत लागत साझेदारी वा अधिकतम ५ लाख। |

**प्रदेश सरकार**
लुम्बिनी प्रदेश
**कृषि तथा भूमि व्यवस्था मन्त्रालय**

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**मुकाम बुटवल रुपन्देही नेपाल**

फोन नं. ०७१-४२०४३४
०७१-४२०४३५
०७१-४२०४३६

पत्र संख्या ०७९/८०
च नं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | मत्स्य ह्याचरीका लागि स्क्यानर सहयोग कार्यक्रम | ५ वटा मत्स्स ह्याचरी | • शुद्ध नश्लको पिट ट्याङ्ग लगाएको माउ माछा पालन गरेको हुनु पर्ने<br>• भुरा उत्पादन तथा विक्री वितरण गरेको हुनु पर्ने।<br>• शुद्ध नश्लको माउ माछा रहेको मत्स्य सरकारी निकायबाट प्रमाणित कागजात पेश गर्नुपर्ने | लुम्बिनी प्रदेश भरी | • प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको मत्स्य ह्याचरी | • प्रति स्कानरः रु. एक लाख अनुदान |

**संलग्न गर्नु पर्ने कागजातहरू:**

1. निवेदन (अनुसूचि ३४ बमोजिम)।
2. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
3. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
4. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
5. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि ३७ बमोजिम)।
6. सम्बन्धित स्थानीय तह/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/ एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयको सम्बन्धित सिफारिस पत्र।
7. समूह/ समिति/सहकारी/ कम्पनीको हकमा संस्थाको निर्णयको प्रतिलिपि तथा गत आ.ब.को लेखा परीक्षण प्रतिवेदन।
8. प्रस्तावकको नागरिकताको प्रतिलिपि।
9. खरिद गरिने उपकरणको हकमा लागत अनुमान तथा प्राविधिक स्पेसिफिकेशन/जग्गा धनी प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा वडा कार्यालयबाट प्रमाणित १० वर्ष करारनामा।
10. रु १० को टिकट टाँस गरी खामबन्दी प्रस्ताव पेश गर्नुपर्ने।

**नोटः** सूचनामा छुट हुन गएका बुँदाहरु **कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि,** **२०७९मा** भएको व्यवस्था वमोजिम गरिने छ। प्रस्ताव पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा भोलिपल्ट कार्यालय समयमा प्रस्ताव बुझाउन सकिने छ।

**निमित्त निर्देशक**